# कनकाई नगरपालिका

वार्षिक प्रगति समीक्षा प्रतिवेदन


आ व 076/77

**प्रस्तोता**

विवेक भण्डारी

योजना अधिकृत

कनकाई नगरपालिका



झापा जिल्ला
कन्काई नगरपालिका
N
Ilam
Copyright@MoFALD
Arjundhara Nagarpalika
Shivasataxi Nagarpalika
Birtamod Nagarpalika
Barhadashi Gaunpalika
Jhapa Gaunpalika
1
2
3
4
5
6
7
8
9

# नगरपालिकाको परिचय

- नेपालको पुर्वमा रहेको झापा जिल्लालाई चिनाउने ऐतिहासिक स्थल मध्येका झापाको कनकाई नदि र हिन्दु धार्मिक आस्थाको कोटीहोम साविक सुरुङ्गा गाउ विकास समितिका नामले परिचित थिए भने स्थानीय तहको पुनर्संरचना पछि पहिलो चरणमा सुरुङ्गा गाविस र घैलाडुब्बा गाविसलाई समेटि २०७१/०१/२५ गतेको नेपाल सरकारको निर्णय अनुसार यस क्षेत्रको प्रसिद्ध धार्मिक महत्व बोकेको कनकाई नदिको नाममा यस नगरपालिकाको नामाकरण गरिएको छ । यो नेपालकै पहिलो विधुत चुवहावट मुक्त र बन्द निषेधित नगरपालिका हो।

- यो नगरपालिका झापा जिल्लाको मध्य रहेको छ। कुल क्षेत्रफल ७९.१ वर्ग कि.मी. रहेको छ । अंक्षाश २६.४१ डिग्री र देशान्तर ८७.९९ डिग्री रहेको छ भने महिला २३७८१ पुरुष २२६९९ र अन्य १८ गरी कुल जनसख्ंया ४६४९८ रहेको छ । सदरमुकाम भद्रपुर देखि करिव २५ किलो मिटर उत्तरमा पश्चिममा रहेको यस नगरपालिकाको पूर्वमा विर्तामोड नगरपालिका, पश्चिममा शिवशताक्षी नगरपालिका उत्तरमा माई नगरपालिक इलाम र अर्जुनधारा नगरपालिका छन भने दक्षिणमा झापा गाउपालिका र बाह्रदशी गाउपालिका पर्दछन। यस नगरपालिकालाई झापाकै बाढी प्रभावित विरिङ्ग खोलाले बीचमा चिरेर बगेको छ भने धार्मिक महत्व बोकेको प्रसिद्व नदी कनकाई माई र कोटीहोम यसै नगरपालिकामा पर्दछ ।

# कनकाई नगरपालिका

## आ.व २०७५।७६ को एकीकृत आय व्यय बिवरण

| सि.नं. | आय विवरण | जम्मा आय रकम | जम्मा रु. | सि.नं. | व्यय विवरण | रकम रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| १ | गत आ.व.को जिम्मेवारी | | ४८५१४५०४ | १ | खर्च | | ४०७३३७५८५ |
| | | | | | आन्तरिक आय चालू खर्च | १०४५२४७३ | |
| | | | | | समानिकरण अनूदान चालू | २८०८७०३६ | |
| | राजश्व बाडफाड | ० | | | राजश्व वाडफाड केन्द्र सरकार | ५९५१४३२० | |
| | कर्मचारी कल्याणकोष खाता | ७३३०९ | | | प्रदेश राजश्व वाडफाड | २०७४१००४ | |
| | वातावरण विकास कोष खाता | ११७८०३७ | | | सर्सत प्रदेश अनूदान | ३०५००००० | |
| | धरौटी खाता | ६०२७४८७ | | | प्रदेश समानीकरण अनूदान | ३७७०००० | |
| | न पा अनूदान गत | ० | | | सशर्त अनूदान | १४१८१२८०० | |
| | आन्तरिक आय | ३६१३४६५१ | | | समानिकरण अनूदान पूजीगत | ८०७२९८९० | |
| | मर्मत संम्भार कोष | १४३०६१२ | | | आन्तरिक आय पूजिगत खर्च | २८१३००६२ | |
| | प्रकोप व्यवस्थापन कोष | ३६७०४०८ | | | समपूरक अनूदान | ३६००००० | |
| २ | चालू आम्दानी | | ४३४३९७६५७ | २ | अन्य खर्च | | १३१६७७०२ |
| | राजश्व बाडफाड प्रदेश | २०७४१००४ | | | सडकवोर्ड | ४०००००० | |
| | राजश्व वाडफाड केन्द्र | ५९५१४३२० | | | जी स स | ४३४०००० | |
| | समानिकरण अनूदान | ११८३००००० | | | अन्य न पा अनूदान | ३०००००० | |
| | सशत अनूदान चालू | १४१८१२८०० | | | बैकल्पीक उर्जा | १८२७७०२ | |
| | नपा न.पा अनूदान | ० | | | | | |
| | आन्तरिक आय | ५०२६७३८८ | | ३ | अन्य कोषहरुको खर्च | | ३६३११२२० |
| | प्रदेश समानीकरण सर्सत | ३०५००००० | | | मर्मत संभार कोष | १३७९२५१ | |
| | प्रदेश समानीकरण अनूदान | ३७७०००० | | | प्रकोप व्यवस्थापन | ४९८७४५० | |
| | समपूरक अनूदान | ९४९२१४५ | | | वातावरण विशेष कोष | ० | |
| | अन्य | | | | धरौटी | २९९४४५१९ | |
| ३ | नेपाल सरकारबाट अनूदान | | १२२५९९५०० | ४ | अनूदान खर्च | | १२२४३७७०० |
| | भूरुड.ा खोला पूल | २७००००० | | | नगरक्षेत्र पूर्वाधार भूरुग खोला | २७००००० | |
| | संघियमामीला पुर्वाधार | १००००००० | | | सघिय मामीला पुर्वाधार | १००००००० | |
| | प्रधानमनत्रि रेगार कार्यक्रम | २५३२००० | | | एल.जि.सि.डि.पि.चालू | ३०५००० | |

# कनकाई नगरपालिका

## आ.व २०७५।७६ को एकीकृत आय व्यय बिवरण

| सि.नं. | आय विवरण | जम्मा आय रकम | जम्मा रु. | सि.नं. | व्यय विवरण | रकम रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| | एल.जि.सि.डी पी चालू | ३०५००० | | | एन एल आर चालू | २९३५०० | ० |
| | एन एल आर चालू | २९३५०० | | | | ० | |
| | तराइ मधेश सम्बृधि | १०००००००० | | | तराइ मधेश सम्बृद्धि | १०००००००० | |
| | राष्टपती चूरे | १७१५०००० | | | राष्टपती चूरे मधेश | १७१५०००० | |
| | सामाजिक सूरक्षा भत्ता | ७७११९००० | | | सामाजिक सूरक्षा भत्ता | ७६९५७२०० | |
| | शास्कृतीक प्रर्वधन | २५००००० | | | प्रधान मन्त्री रोजगार | २५३२००० | |
| | | | | | शहिद डिल्ली गौतम | २५००००० | |
| ४ | अन्य आम्दानी | | १३०४९८५० | ५ | अन्तिम मौज्दात | | ७१९८५२१४ |
| | सडकवोर्ड | ४०००००० | | | राजश्व वाडफाड | ० | |
| | जि. स. स | ४३४०००० | | | कर्मचारी कल्याण कोष खाता | ७३३०९ | |
| | बैकल्पीक उर्जा | १७०९८५० | | | धरौटी खाता | ६९३७५४५ | |
| | अन्य न पा आम्दानी | ३०००००० | | | न पा अनूदान गत | ० | |
| | | | | | समानिकरण अनूदान | ० | |
| ५ | अन्य कोषहरुको आम्दानी | | ३८५७००५५ | | मूल संचीत कोष | ५७३४६५२८ | |
| | मर्मत संभार कोष | १५८८१७२ | | | प्रकोप व्यवस्थापन | ४०२६४१७ | |
| | प्रकोप व्यवस्थापन | ५३४३४५९ | | | मर्मत संभार कोष | १६३९५३२ | |
| | वातावरण विशेष कोष | ७८३८४६ | | | वातावरण विशेष कोष | १९६१८८३ | |
| | र्कमचारी कल्याण कोष खाता | ० | | ६ | पेश्की वाकी | | ५८९२१४५ |
| | धरौटी खाता | ३०८५४५७८ | | | | | |
| | जम्मा | | ६५७१३१५६६ | | जम्मा | | ६५७१३१५६६ |

तयार गर्ने
लक्ष्मी प्रसाद अधिकारी

रूजु गर्ने
भुपेन्द्र दाहाल
भुपेन्द्र दाहाल
लेखा अधिकृत

प्रमाणित गर्ने
खरुदेव चुडाल
प्रमुख प्रशासकीय अधिकृत

# बजेटका प्राथमिक्ताहरु

१.सडक पूर्वाधार निर्माण र स्तरोन्नति ।

२.पर्यटकीय गन्तव्यह¿को उजागर गरी आर्थिक विकास ।

३.कृषिको आधुनिकीकरण, विशिष्टीकरण तथा व्यवसायीकरण ।

४.विपद् ब्यवस्थापन तथा वातावरण संरक्षण ।

५.आद्योगिकीकरण तथा रोजगारीको अवसरमा वृद्धि ।

६.गरीव, भूमिविहीन तथा अशक्तमैत्री कार्यक्रम ।

७.सुशासनमा जोड ।

८.सेवा प्रवाहमा प्रभावकारिता ।

९.गुणस्तरीय सर्वसुलभ स्वास्थ्य र शिक्षा ।

१०.हरित, उज्यालो र सुन्दर नगर ।

११.मजदुर मैत्री कार्यक्रम

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित बजेट | प्रमुख उपलब्धिहरु |
|---|---|---|
| क) आर्थिक विकास | | |
| १. कृषि/पशु सेवा | २९,६१,०००।- | नौ वटै वडामा अर्ग्यानिक खेति नौ वटा समुह, उन्नत बोका खरिद-६ वटा ,उ. साँडे- १वटा, बेमौसमी तरकारी खेति ५ बिगाहा,कृषि चुन बितरण-२५ हेक्टर, |
| | | पशु आहार बिकास – १ वटा, पशु खोप१५९वटा,पशु बजार व्यबस्थापन-१ वटा |
| २. उधोग तथा वाणिज्य | ५०,००,०००।- | बजार व्यबस्थापन-४, उध्योग बाणिज्य संघ ,ब्यबशायिक भवन निर्माण-१ |
| | | नयाँ बजार प्रबर्धन-१ |

| | | |
|---|---|---|
| ३. पर्यटन | ७५,००,०००।- | होम स्टे प्रवर्धन-२,पदमार्ग निर्माण५७८ मि. कोसेली घर प्रवर्धन-१ सडकको दुवै तर्फ बृक्षारोपण कार्यक्रम,वनभोज स्थल ब्यबस्थपन-२ |
| | | कोच संग्रालय संचालन-१ सिमसार क्षेत्र र खाडीहरुको प्रबर्धन-५, पार्क ब्यबस्थापन-४, सचेतना कार्यक्रम/ सम्भाब्य अध्ययन कार्यक्रम-५ |
| ४. सहकारी | १७,००,०००।- | ५ वटा सहकारी |
| | | बिऊ सुख्खा/ भण्डारण केन्द्र-३ |

| | | |
|---|---|---|
| १. शिक्षा | ५७,५०,०००।- | बिध्यार्थी भर्ना अभियान-१४ बिध्यालय, बिध्यालयमा सि सी क्यामेरा, इ हाजिरी-१ |
| | | वाल बास केन्द्र सहयोग-४, शिक्षक व्यबस्थापन |
| २. स्वास्थ्य | ५५,५६,०००।- | उपकरण खरिद-१४ वटा, निशुल्क औषधी खरिद तथा वितरण-१, ढेंगु रोग नियन्त्रण-१,सुष्त मनस्थिति केन्द्र संचालन-१ |
| | | स्वास्थ्यकर्मी व्यबस्थापन-५ जना, स्वास्थ्य केन्द्/चौकी/ सहरी स्वास्थ्य केन्द्र संचालन सहयोग-४ वटा,यु सि जि मेसिन खरिद-१,स्वयसेविका प्रोत्साहन-२२ जना ,सचेतना कार्यक्रम-९,खोप केन्द्र व्यबस्थापन-३ |

| | | |
|---|---|---|
| ३. खानेपानी | ३५,५०,०००।- | सा.धारा जडान-३ वटा, |
| | | खानेपानीलाई फिल्टर जडान-१, बिभिन्न खानेपानी व्यबस्थापन सहयोग-३ |
| ४. सरसफाई | ५०,५३,५४२।५५ | सरसफाई कार्यक्रम-१२ वटा,टोल बिकास संस्था परिचालन-३३,डष्टबिन खरिद तथा बितरण-१५३३ घर |
| | | उपकरण खरिद-२कर्मचारी व्यबस्थापन-५,शौचालय निर्माण-३ |
| ५. संस्कृति | ३८,५०,०००।- | धार्मिक क्षेत्र प्रवर्धन-९,कोच राजबंशी केन्द्र संग्रालय निर्माण, होमस्टे प्रबर्धन-२, |
| | | सांस्कृति/ भाषा/ रहनसहन कार्यक्रम-१५, |

| | | |
|---|---|---|
| ६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ६५,५०,०००।- | आय- आर्जन कार्यक्रम-१३ वटा, अनौपचारिक शिक्षा कार्यक्रम-७, सीप बिकास कार्यक्रम-१४वटा,उपमेयर सुत्केरी पोषण कार्यक्रम-१, अपाङ्ग मैत्री कार्यक्रम-७,युवा स्वरोजकार कार्यक्रम-१, |
| | | महिला/ बालबालिका/आदिबासी – जनजाति क्षमता बिकास/ सचेतना कार्यक्रम २३ वटा |

| | | |
|---|---|---|
| १. सडक | ६,९३,४८,९९७।- | ट्र्याक खोल्ने: ०(कि.मी.) |
| | | ग्राभेल: ५२.२५(कि.मी.) |
| | | पक्की सडक (कालो पत्रे ) : २०७.९६(कि.मी.) |
| | | मर्मत सम्भार:१९.६८ (कि.मी.) |
| २. सडक पुल | २२,३०,०००।- | कल्भर्ट:१० (वटा) |
| | | मोटरेवल: ६(वटा) |
| ३. झोलुङ्गे पुल (वटा ) | - | वटा |
| | | |
| ४. सिंचाई | २०,५०,०००।- | नदी नियन्त्रण: ३५६४.९६ (हेक्टर) |
| | | वोरिङ्ग/डिप वोरिङ्ग:१० (वटा),पैनी मर्मत-११ वटा |

| | | |
|---|---|---|
| ५. भवन | २,०५,५०,०००।- | विध्यालय/क्याम्पस भवन/कोठा थप/कोठा/वालविकास केन्द्र/पुस्ताकालयः११ (वटा),पर्खाल निर्ण-२,मलामी घर-१ |
| | | सामुदायिक भवनः ८६(वटा) |
| | | न.पा./गा.पा./वडा कार्यालयः (वटा) |
| | | स्वास्थ्य चौकी/वर्थिङ्ग सेन्टरः (वटा) |
| | | अन्यः मेयर आवास १९ वटा,भवन घेराबेरा-३ |
| ६. उर्जा | १,००,००,०००।- | माइक्रो हाइड्रोः (कि.वा.)/ बै.उर्जा-१ वटा |
| | | लाइन विस्तारः१० (कि.मी.) |

| | | |
|---|---|---|
| ७. लघु तथा साना जलविधुत | - | माइक्रो हाइड्रोः (कि.वा.) |
| ८. वैकल्पिक उर्जा (वटा) ( नवीकरणीय उर्जा/सोलार जडित प्यानल) | १,७३,४८,०००।- | गोबर ग्यासँ-७३ वटा<br>बै.उर्जा, सोलार बत्ति जडान ६६ वटा /सडक बत्ति-४३ वटा, नवीकरणीय उर्जा प्रवर्धन-१ |
| ९. संचार | ३४,५०,०००।- | इ हाजिरी १४ वटा बिध्यालय,१ वटा नगर,१वटा प्रा. स्वा.केन्द्र, स्मार्ट चोक संचालन-३ , कार्यक्रम उत्पादन/प्रदर्शन-१४<br>कम्प्युटर बितरण ९ वटा विध्यालय, ९ वटा वडा कार्यालय, सि सी क्यामेरा जडान -नगर-१,सार्वर्जनिक स्थल-१ |

| | | |
|---|---|---|
| १. वन तथा भू-संरक्षण | ३५,८५,०००।- | नदी नियन्त्रणः ३५६४.९६ (हेक्टर) |
| | | सा. बन- ४ वटा |
| २. जलाधार संरक्षण (वटा) | २५,००,०००।– वाँकी रकम कार्यक्रम तर्फको | ताल खाडी-१,सुन्तले खाडी-१,गैडे-१ लुकुनीखाडी-१नुनमाटी१-१२० हेक्टर |
| | | |
| ३. वातावरण संरक्षण (वटा) | ३८,७७,०००।- | सरसफाई कर्यक्रम-९ वटा, बृक्षारोपण कार्यक्रम-६,पार्क निर्माण-३ |
| | | ढल निर्माण ७८१ मी. |
| ४. फोहोरमैला व्यवस्थापन (वटा) | ३६,००,०००।- | सा.शौचालय निर्माण-४ वटाकुहिने/नकुहिने फोहोर बर्गिकरण/व्यबस्थापन-१ |
| | | पुराना कपडा प्रशोधन उध्योग-१ वटा |

| | | |
|---|---|---|
| ५. जल उत्पन्न प्रकोप नियन्त्रण (वटा) | २,४९,५०,०००।- | ह्युमपाइप खरिद ९१७थान, नदी नियन्त्रण-३५६४।९६४ हेक्टर (बिरिङ, कनकाई, सुरुङ्गा,बाघे, सन्काहा आदि नदी, प्रकोप व्यबस्थापन-१ । |
| | | छेकबार/रोक थाम-४ ठाऊँमा |
| ६. विपद् व्यवस्थापन (वटा) | ३७,३७,०००।- | ठक्कर निर्माण१७ वटा, हात्तिपाइले ३ वटा, |
| | | तटबन्ध निर्माण ६ वटा-१४०० मी., प्रकोप व्यबस्थापन-१ नदी रोकथाम-६ |

| | | |
|---|---|---|
| १. मानव संशाधन विकास (जना) | ४८,५०,०००।- | तालिम-१२४६ जना, अध्ययन भ्रमण-३६६ जना |
| | | पुरस्कार/प्रोत्साहन-२३ जना |
| २. संस्थागत क्षमता विकास (जना) | ४३,५१,०००।- | ५४२ जना, ९ वटा<br>वडा,रेडक्रस भवन-२, बणिज्य संघ-१,जेसिज-१, बिभिन्न समुहहरु-२५ |
| | | ३७ वटा संस्था |

# न्यायिक समितिको अबस्था

| क्र.स. | विवरण | संख्या | कैफियत |
| --- | --- | --- | --- |
| १ | अघिल्लो आ.व. २०७५/७५ को वाकी मुद्दा | ३६ | |
| २ | मेलमिलाप सम्मन्धी दर्ता भएका मुद्दा | ५० | |
| ३ | निर्णय गर्ने सम्बन्धी दर्ता भएका मुद्दा | ४ | |
| ४ | **कुल जम्मा मुद्दा** | **९०** | |
| ५ | मेलमिलाप भएका मुद्दा संख्या | ३१ | |
| ६ | निर्णय भएको मुद्दा संख्या | १ | |
| ७ | माथिल्लो निकायमा पठाईएको मुद्दा संख्या | १ | |
| ८ | **कारवाहीमा रहेका मुद्दा संख्या** | **५७** | |

# अन्य महत्वपुर्ण उपलब्धीहरु

# सूचना तथा प्रविधी शाखाका उपलब्धीहरु

- सम्पुर्ण वडा कार्यालयहरुवाट अनलाईनमा आधारित घटना दर्ता प्रणालीको प्रभावकारी कार्यान्वयन।
- नगपालिकाको लागि आवस्यक पर्ने सफ्टवेरको पहिचाहन गरी प्रयोगमा ल्याईएको
- खवर आदानप्रदान गर्न पुर्ण रुपमा SMS सिष्टमको प्रयोग गरिएको।(२९२०१) प्रयोग भईसकेको।
- नगरपालिकाको कार्यालयमा व्यवस्थीत नेटवर्किङ गरी सवै फाट तथा शाखाहरुमा इन्टनेट पुर्याईएको।
- अनलाईनमा आधारित सुत्र सफ्टवेर प्रणाली सफ्टवेरको प्रयोग गरिएको।
- राजश्व तथा एकिकृत सम्पति करको सफ्टवेरलाई विस्तार गरी वडा कार्यालय सम्म पुर्याईएको र वडावाट समेत राजश्व बुझाउन सकिने।
- अनलाईनमा आधारित व्यवसाय दर्ता प्रणालीको प्रयोग गरिएको।
- प्रकासन गर्नुपर्ने प्राप्त भएका सूचान तथा जानकारीहरु वेवसाइड मार्फत प्रकासन गरिएको।

- सूचना आदानप्रदान गर्न मोबाएल एप्लिकेशनको प्रयोग गरिएको।
- कर्मचारीहरुको हाजिरीलाई इहाजिरीमा व्यवस्थित गरिएको।
- सरकारी इमेलको पुर्णरुपमा प्रयोग गरिएको।
- E-Bidding को कार्यान्वयन गरिएको।
- योजनाको सफ्टवेर संचालन गरी रेकर्डहरुलाई व्यवस्थित गर्दै लगिएको।
- वडा कार्यालयहरुमा इन्टरनेट सेवा बिस्तार गरिएको।
- QUEE MANAGEMENRT System को प्रयोग गरिएको छ।

- कर्मचारीहरूको क्षमता वृद्दिको लागि तालिम संचालन साथै पदाधिकारीहरुलाई विभिन्न तालिम संचालन

- ३० बटा भन्दा वढी कार्यविधि, कार्यदेश तथा निर्देशिका जारी
- कार्यलय तथा वडा कार्यलयमा इन्टरनेत विस्तार, नपा कार्यालयमा १६ वटा सिसि क्यामरा जडान , नगरपालिका स्वस्थ्य संस्था तथा सामुदायिक विद्यालयहरुमा बिद्युतिय हाजिरी जडान।
- १८ किसिमका सिफारिसहरु निशुल्क गरिएको

# केही महत्बपुर्ण झलकहरु

मेयर आवास कार्यक्रम अन्तर्गत संचालनमा रहेका आवासहरु १८ परिवारको क्षमता भएको र ५ परिवार बसोबास भई सकेको










# संचालनमा रहेको स्वास्थ्य संस्था



# सुत्र सफ्टवेर प्रणाली





१४
43%
6:55 am
कनकाई नगरपालिका
"सुन्दर शान्त सास्कृतिक, प्राकृतिक सम्पदाको पर्यटकिय नगरी
दिगो विकास गरी मुलुककै समुन्नत नगर बनाउने हाम्रो जिम्मेवारी"
कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झपा
दोस्रो नगर सभा
मिति - २०७५/०२/१८
स्थान - कनकाई न.पा. हल
महत्वपूर्ण सुचनाहरु
Total Station खरिद सम्बन्धि दोस्रो पटक प्रकाशित शिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धि सुचना (2075-3-7)
परिचय
जनप्रतिनिधि
कर्मचारी


१४
43%
6:56 am
कनकाई नगरपालिका
परिचय
जनप्रतिनिधि
कर्मचारी
नागरिक वडापत्र
राजस्व/कर
अनलाईन निवेदन तथा सिफारीस
योजनाको जानकारी
बजेट
सार्वजनिक खरिद
परिक्षण
प्रकाशन
निर्णय
कानुन निर्देशिका
प्रतिवेदन
निवेदनको ढाचा


# प्रयोगमा रहेका अनलाई प्रणालीहरु

१. व्यवसाय दर्ता
२. विजुली मिटर जडान सिफारिस
३. चार किल्ला सिफारिस
४. घरवाटो सिफारिस दर्ता
५. अनलाई घटना दर्ता प्रणाली


Smart Palika

व्यवसाय दर्ताबिजुली मीटर जडान सिफारिस दर्ताचार किल्ला सिफारिस दर्ताघरबाटो सिफारिस दर्ता

कनकाई नगरपालिका


56% 10:28 pm
kankai.ehajiri.com
ई-हाजिरी
ड्यासबोर्ड
235
उपस्थित
43
अनुपस्थित
7
बिदा
10
ढिला आएको
53
चाडै गएको
0
सप्ताह
0
दिवा अफ
0
रात्री अफ
0
सत्ता ड्युटी
बिदा
जानुका मगर [404]

# कनकाई नगरपालिककाको बेवसाईड



# राजश्व तथा एकिकृत कर संलकन प्रणाली

कनकाइ नगरपालिका नगर कार्यपालिकाको कार्यालय (2075/2076)


सेटिङ्ग आधारभूत तथ्याङ्क नयाँ दर्ता/विवरण प्रतिवेदन ADMIN

डैशबोर्ड

## विविध

| | |
|---|---|
| यो आर्थिक वर्ष दर्ता भएका जम्मा करदाता | 1,787.00 |
| यो आर्थिक वर्ष दर्ता भएका जम्मा घर भएका करदाताहरु | 591.00 |
| यो आर्थिक वर्ष दर्ता भएका जम्मा जग्गा भएका करदाताहरु | 2,077.00 |
| यो आर्थिक वर्ष दर्ता भएका जम्मा व्यवसाय भएका करदाताहरु | 0.00 |
| यो आर्थिक वर्ष कर तिर्ने जम्मा करदाता | 6,586.00 |
| यस आर्थिक वर्षको जम्मा कर तिर्न बाँकी करदाताहरु | 12,314.00 |
| जम्मा दर्ता भएका करदाताहरु | 18,899.00 |
| जम्मा घर भएका करदाताहरु | 4,500.00 |
| जम्मा जग्गा मात्र भएका करदाताहरु | 18,255.00 |
| जम्मा व्यवसाय भएका करदाताहरु | 0.00 |
| आज संकलन भएको जम्मा रकम (करबाट) | 22,240.00 |
| आज संकलन भएको जम्मा रकम (एकिकृत सम्पत्ति कर) | 8,460.00 |
| आज संकलन भएको जम्मा रकम (अन्य) | 25,345.00 |
| मैले आज संकलन गरेको जम्मा रकम (सम्पत्ति करबाट) | 0.00 |
| आज मैले संकलन गरेको जम्मा रकम (अन्य) | 0.00 |
| यस आ.व. मा तिरेको रकम | 16,578,170.67 |

## करदाताको वर्गिकरण



Activate Windows
Go to Settings to activate Window

कनकाई न.पा.बाट विभिन्न वडामा भौतिक पुर्वाधार तथा बिकास निर्माणकार्यको प्राविधिक सहितको अनुगमन। २०७६/१/१०












कनकाई नगरपालिका

कनकाई न.पा.को संयोजन तथा जि.स.स.झापा, झा. जि.स.संग लि. र मिडिया रिसर्च सेन्टरको आयोजनामा "विकास बहस" कार्यक्रम २०७५/१२/२१




विकास बहस

कनकाइ न.पा. ले प्रथम चरणको "ऐलानी जग्गाजोतभोगको लागत संकलन फारम" लिन सुरु वडा नं. ४,५,८ र ९ मा २०७५/१२/१९




ऐलानी जग्गा र जग्गामा रहेको संरचना
समेतको लगत संकलन कार्यक्रम-२०७५
उद्घाटन कार्यक्रम
समय: ८:०० विहान वजे बाट
स्थान:- वडा नं. ५,को कार्यालय
मिति: २०७५/१२/१९
आयोज
क.न.पा.-५ वडा

कनकाई न.पा.बाट प्राविधिक सहितको अनुगमन बिरिङ्ग नदि नियन्त्रणका लागि तटबन्ध र वाटो।२०७५/१२/१२







योजना सार्वजानिक बोर्ड
कनकाई न.पा.-१. प्रजापती
योजनाको नाम : बिरिङ्ग नदि नियन्त्रण उपभोक्त स.
कामको किसिम : नदि नियन्त्रण
योजना सुरु भएको मिति : २०७५/११/०६
योजना सम्पन्न गर्ने मिति : २०७६/०२/१५
योजनाको कुल लागत : २८७५१२७.४०/-
नगरपालिका बाट प्राप्त रकम : २५०००००/-
उपभोक्ता बाट प्राप्त रकम : ३७५१२७.४०/-
उपभोक्ता समितिको नामावली :
अध्यक्ष : श्री शुसिल कुमार पोखरेल
उपाध्यक्ष : श्री खेमराज पोखरेल
सचिव : श्री नाथ बहादुर तिम्सिना
कोषाध्यक्ष : श्री गिता आचार्य
सदस्य : श्री त्रिलोचन पोखरेल
सदस्य : श्री रिता गिरी
सदस्य : श्री कैलाश पोखरेल
सदस्य : श्री सर्मिला बि.क
सदस्य : श्री दिल बहादुर गिरी
अनुगमन समितिको नामावली :
संयोजक: श्री रोशन राज पोखरेल
सदस्य: श्री मान ब. गिरी
सदस्य: श्री दल ब. वि.क.



कनकाई न.पा.बाट प्राबिधिक सहित अनुगमन गर्ने क्रममा ढलनिर्माण,वाल,बाटो ग्रावेल,सडक वत्ती,जेष्ठ नागरिक भवन(चैतारी) लगायतका वडा नं.१,२,३,४,६,८ र ९ मा







सहिद सुधिर मार्ग ( प्रदेश सरकार )
स्तरोन्नती निर्माण उपभोक्ता समिति
कनकाई न.पा वडा नं. -२ र ३
योजना सार्वजानिक वोर्ड
निर्माण उपभोक्ता समितिको नामावली
आयोजना : सहिद सुधिर मार्ग ( प्रदेश सरकार ) स्तरोन्नती
योजनाको ठेगाना : कनकाई न.पा. वडा नं.- २ र ३
कुल लागत अनुमानित रकम : रु २२,६४,०७६/०१ पै.
लागत व्यहोर्ने श्रोत :
कनकाई न.पा बाट अनुदान रु २०,००,०००/-
उपभोक्ता जनश्रमदान बाट :रु ३,४०,०७६/०१ पै.
सम्झौता मिती : २०७५/०९/१२
सम्पन्न मिती : २०७५/१२/२५
अध्यक्ष : श्री कुमार राया
उपाध्यक्ष: श्री यार्म बहादुर भुजेल
सचिव : श्री रमेश श्रेष्ठ
कोषध्यक्ष : श्री निर्मला देवी श्रेष्ठ
सदस्य : श्री रेनुका खवास
सदस्य : श्री सृजना कुमारी थापा
सदस्य : श्री मनोज शिवाकोटी
सदस्य : श्री राम कुमार खड्का
सदस्य : श्री मिना श्रेष्ठ
अनुगमन समिति
संयोजक :श्री घनश्याम मैनाली
सदस्य : श्री कृष्ण कुमारी खवास,
सदस्य :श्री भानुभक्त भुजेल
सदस्य : श्री बलराम राई,
सदस्य : श्री नाईके हास्दा,

युवा स्वरोजगारका लागि उद्‌यमशीलता बिकास तालिम २०७५/४/१७





कनकाई न.पा.को आयोजना र कनकाई बिर्ताअर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन लि.को व्यवस्थापनमा बायो ग्यास प्लान्टको शिलान्यास कार्यक्रम नेपाल सरकारका माननीय अर्थ मन्त्री डा.युवराज खतिवडा ज्युबाट।२०७६/१/७




घर घरमा ग्यास।
कनकाई विर्ता
उर्जा तथा
फोहोरमैला
कार्यक्रम
माननिय अर्थ


वातावरण
ग्यास।





कनकाई न.पा.बाट सुरुङ्गा खोला खोल्ने क्रममा बार्हदशी गा.पा.मा पर्ने भु-भागको बारेमा अध्यक्ष तथा जनप्रतिनिधि हरुसंग अनुगमनका साथ छलफल।२०७५/१२/२६





जामुनखाडी सिमसार वृद्धि- बिकास लागी र भुरुङ्गा पुल निर्माणकार्य





कनकाई न.पा.को नियमितरूपमा संचालित"उपमेयर सुत्केरी पोषण कार्यक्रम"
अन्तरगतको पौष्टिक खाद्यान्न र झुल बितरण कार्यक्रम।२०७५/१२/१५





कनकाई न.पा.को चौथो नगर सभा सम्पन्न २०७५/११/२७





कनकाई न.पा.को सहयोगमा वडा नं.५ को बि.पि.वन वाटिकामा जननेता बि.पि.कोईरालाको पुर्ण कदको सालिक निर्माणकार्यको शिलान्यास कार्यक्रम।२०७५/११/२७





# किसानलाई बिनाधितो सहुलियत ऋण

बिर्तामोड समाचारदाता

बिर्तामोड, फागुन २४ गते। झापाका किसानलाई बिनाधितो सहुलियत दरमा ऋण पाउन थालेपछि लाभान्वित बन्न थालेका छन्। झापाको कन्काई नगरपालिकाले नगरकोष स्थापना गरी कृषि कर्म गरिरहेका किसानहरूलाई बिनाधितो सहुलियत दरमा ऋण सहयोग उपलब्ध गराएपछि सो क्षेत्रका किसानहरू लाभान्वित बन्न थालेका हुन्।

कन्काई नगरपालिकाले यस वर्ष र अघिल्लो वर्ष ४७ लाख ५० हजार रुपियाँको स्वरोजगार कोष बनाएर नगर क्षेत्रमा विभिन्न कृषि कर्म गरिरहेका २० जना युवालाई हाल नगद एक लाख रुपियाँदेखि एक लाख ५० हजार रुपियाँसम्म विना धितो रकम उपलब्ध गराएको हो।

किसानको ऋण असुलीका लागि साना किसान ऋण सहकारी संस्थालाई तीन प्रतिशत मात्रै ब्याज लिन पाउने गरि नगरपालिकाले आफ्नै कोष बनाएर रकम कृषकले रोजेको पेसाको तालिम लिएपछि बिनाधितो उपलब्ध गराइएको कन्काई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले बताउनुभयो।

नगरपालिकाले कुखुरापालन, बाख्रापालन, बङ्गुरपालन, अचार उद्योग, अर्गानिक खेती लगायतमा सो रकम लगानी गरेको छ। नगरपालिकाले आगामी वर्षमा समेत यस कोषमा थप २८ लाख रुपियाँ विनियोजन गरिसकेको र राम्रो कृषिकर्म गर्ने जो कोही कृषकलाई थप ऋण तथा अनुदानका लागि विभिन्न बैङ्क वित्तिय संस्था र प्रदेश तथा केन्द्र सरकारसँग समन्वय र पहल गर्ने काम अगाडि बढिरहेको नगरपालिकाका युवा स्वरोजगार समितिका सदस्य तथा वार्डसदस्य युवराज चम्लगाईंले बताउनुभयो।

नगरपालिकाले आफ्नै कोष बनाएर नगरवासीलाई स्वरोजगार बनाउने अभियान सम्भवतः नेपालमै पहिलो हुनसक्ने चम्लगाईंले बताउनुभयो। नगरपालिकाले दिएको सहुलियत दरको एक लाख रुपियाँ रकमबाट आफूले घरायसी तरिकाबाट शुरु गरिरहेको अचार उद्योगलाई अब दर्ता र गुणस्तर कायम गरी नेपालीहरू विदेश जाँदा लैजाने कोसेलीका रूपमा खाडी तथा मलेसिया जापान लगायतका देशमा समेत आफ्नो उत्पादन पुऱ्याउने तयारी थालेको कन्काई नगरपालिकाकी मिना सिटौलाले बताउनुभयो। हाल आफूले उत्पादन गरेको अचारलाई स्थानीय बजारदेखि काठमाडौंसम्म बिक्रीका लागि लैजाने गरेको र हाल खर्च कटाएर मासिक २५ हजार रुपियाँ घरमै बसेर कमाई गरिरहेको र थप चार जना महिलालाई समेत रोजगारी दिइरहेको समेत सिटौलाले बताउनुभयो।

यता नगरपालिकाले एक लाख रुपियाँ दिएपछि आफूले थप रकम थपेर आठ सय वटा लेयर्स जातका अन्डा पार्ने कुखुरा घरमै खोर बनाएर पाल्न शुरु गरेको कन्काई नगरपालिका ५ का कृषक तेजबहादुर बस्नेतले बताउनुभयो।

यता नगरपालिकाको तालिमपछि स्थानीय सुरेश गौतम र ताराप्रसाद घिमिरेले मौरीपालन शुरु गर्नुभएको बताउनुभयो। हाल ३१ घार मौरी पालेका उहाँहरूले आफूहरूले मह प्रशोधन गर्ने मेसिन पाएमा आफ्नो उत्पादनलाई देश तथा छिमेकी मुलुकमा समेत लैजाने गौतम र घिमिरेले बताउनुभयो।

# सिद्धार्थको एटीएम तथा

नेपाल सरकार गृह मन्त्रालयको आयोजनामा सरोकार वालाहरु संगको लाघुआैषद सम्बन्धि अभिमुखीकरण कार्यक्रम।२०७५/११/१६



कनकाई न.पा.को आयोजना र साना किसान सहकारी संस्था को सहकार्यमा "यूवा स्वरोजगार" अन्तरगतको कृषिका विविध विषयगत का कृषकलाई सहुलियत ऋण सहयोग स्वरुपको रकमको चेक हस्तान्तरण कार्यक्रम।२०७५/११/९



कनकाई न.पा.र शिवसताक्षी न.पा.का कर्मचारी बिचको मैत्रीपुर्ण फुटबल खेल,"दोस्रो शिवसताक्षी मेयरकप" को उद् घाटन खेल। बिजेता टिम कनकाई न.पा.बधाई छ कर्मचारीलाई। २०७५/११/७



६९औ प्रजातन्त्र दिवस २०७५ कार्यक्रम कनकाई न.पा.को आयोजनामा ।२०७५/११/७



कनकाई न.पा.वडा नं.९ सुकुम्बासी टोल जाने बाटोको कल्भर्ट शिलान्यास कार्यक्रम।२०७५/११/६





कनकाई न.पा.को आयोजनामा अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम वडा नं.१मा स्वास्थ्य कर्मी सहितको टोली।२०७५/११/२



अनुसूचि-२

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## अपाङ्गता परिचयपत्र

फोटो

प.प.नं.

परिचयपत्रको प्रकार :

नाम, थर :.............................................................................................

ठेगाना : प्रदेश नं. १ जिल्ला झापा, कनकाई न.पा. वडा नं.............

जन्म मिति :.................................. लिङ्ग :....... रक्त समूह :..............

नागरिकता नं.,जारी मिति र जिल्ला...........................................................

अ. किसिम : प्रकृतिको आधारमा .................................................................

गम्भीरता ........................................................................................

बाबु/आमा वा संरक्षकको नाम, थर :........................................................

परिचयपत्र बाहकको दस्तखत .........

| दायाँ | बायाँ |
| --- | --- |
| | |

परिचयपत्र प्रमाणित गर्ने


नाम, थर.......................................

हस्ताक्षर.......................................

पद :.......................................

मिति :.......................................

कनकाई न.पा.को आयोजनामा महिलाहरुका लागी एक महिने हलुका सवारी चालक आधारभूत तालिमको शुभारम्भ।२०७५/१०/२७





प्राविधिक सहयोग
दोमुखा ड्राईभिङ ट्रेनिङ सेन्टर
कनकाई -३, झापा
आयोजक
कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नेपाल सरकार सहरी विकास मन्त्रालय,सहरी विकास तथा भवन निर्माण विभागको आयोजनामा"एकीकृत सहरी विकास योजना"सम्बन्धि कार्यशाला गोष्ठी,कनकाई न.पा.।२०७५/१०/२५



कनकाई न.पा.बाट किसोर किशोरी कार्यक्रम अन्तरगत महिनावारी स्वास्थ्य व्यवस्थापनको लागि सामुदायिक विद्यालयहरुमा स्यानेटरी प्याड बितरण कार्यक्रम।२०७५/१०/२४




कनकाई नगरपालिका
किशोर किशोरी कार्यक्रम अन्तरगत महिनावारी स्वास्थ्य व्यवस्थापनको
लागि विद्यालयमा स्यानेटरी प्याड वितरण कार्यक्रम
आदर्श मा.वि.



कनकाई न.पा.र सुरुङ्गा जेसिसको सहयोगमा प्रजनन् स्वास्थ्य शिक्षा तथा महिला नेतृत्व बिकाश तालिम सुरुङ्गा सामुदायिक सिकाई केन्द्रको आयोजनामा।२०७५/१०/२२



कनकाई न.पा.बाट आ.ब.०७४/०७५को कार्य सम्पन्न पछि क्रमागत वडा नं.१,६,७,८ र ९ मा बिरिङ नदि नियन्त्रणका लागि स्थलगत निरिक्षण।२०७५/१०/१७





कनकाई न.पा.वडा नं.२ सुकेडाँगी नुनमाटि खोला लाई चेक ड्याम,तार जाली लगाई नियन्त्रणका लागि स्थलगत निरिक्क्षण।२०७५/१०/१७





# स्वास्थ्य फार्मेशि समुद्घाटन कार्यक्रम



स्वास्थ्य विमा कार्यक्रमको बारेमा जानकारी दिनुहुदै





कनकाईमा पाइपबाट ग्यास कनकाई विर्ता अर्जुन नविकरणीय ग्यास कनकाईमा आइतबारको गोरखापत्र दैनिकबाट ।

# वर्ष दिनमा पाइपबाट ग्यास

## झापामा ठूलो बायोग्यास प्लान्ट शिलान्यास

• लीलाराज झापाली

विर्तामोड, वैशाख ७ गते । झापाको कनकाई नगरपालिकामा फोहोरबाट बायोग्यास निकाल्ने नवीकरणीय ऊर्जा कम्पनीको शिलान्यास गरिएको छ । कनकाई विर्ता अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला कम्पनीको उक्त बायोग्यास प्लान्टको शनिबार अर्थमन्त्री डा. युवराज खतिवडाले शिलान्यास गर्नुभयो ।

कनकाई नगरपालिका–२ सुकेडाँगीमा रहेको सो बायोग्यास कम्पनी एक वर्षमा सञ्चालनमा आउने दाबी गरिएको छ । १६ करोड ७० लाख रुपियाँको लागतमा निर्माण सम्पन्न हुने योजनाको ४० प्रतिशत रकम विश्व बैङ्कबाट अनुदान सहयोग उपलब्ध

> बायोग्यास उत्पादन सुरु भएपछि यस क्षेत्रका नौ सय घरधुरीमा पाइपलाइनबाटै ग्यास

हुने र बाँकी ३० प्रतिशत स्थानीय जनताको सेयर तथा ३० प्रतिशत कनकाई नगरपालिका, विर्तामोड र अर्जुनधारा नगरपालिकाबाट सङ्कलन गरिने भएको कम्पनीका प्रबन्ध निर्देशक दीपक चापागाईंले बताउनुभयो ।

कम्पनीले सो क्षेत्रको करिब चार बिघा जमिन खरिद गरेर कम्पनी स्थापना गरी हाल भवन निर्माण सुरु गरेको छ । कम्पनीको उत्पादन सुरु भएपछि यस क्षेत्रका नौ सय घरधुरीमा पाइपलाइनबाटै ग्यास पुर्‍याइने छ । यसका साथै दैनिक दस टन अर्गानिक मल उत्पादन गर्नेसमेत प्रबन्धक चापागाईंले बताउनुभयो ।



बायोग्यास प्लान्टको शिलान्यास गर्दै अर्थमन्त्री डा. युवराज खतिवडा

तस्बिर : लीलाराज झापाली

यसका लागि कम्पनीले कनकाई, विर्तामोड, अर्जुनधारा र थप झापाका नगरपालिका गरी पाँच नगरपालिकाबाट उत्पादित फोहोरलाई ग्यास र मल उत्पादनमा प्रयोग गरिने कम्पनीका अध्यक्ष पिनाल तिम्सिनाले बताउनुभयो ।

बायोग्यास प्लान्टको शिलान्यास गर्दै अर्थमन्त्री खतिवडाले अबका दिनमा सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच कुनै प्रतिस्पर्धा नहुने तर स्थानीय र प्रदेश सरकारबीच भने कसले राम्रो काम गर्ने भन्नेमा तीव्र प्रतिस्पर्धा हुने बताउनुभयो । मन्त्री खतिवडाले सरकारले २५ वर्षपछिको नेपाल कस्तो हुने भन्ने दीर्घकालीन लक्ष्यसहितको पञ्चवर्षीय योजना सार्वजनिक गरेर काम सुरु गरिसकेको बताउनुभयो ।

नवीकरणीय ऊर्जामा महिलाको पहुँच भए मात्र गृहिणीले चुलोमा आगो फोर्ने काम गर्ने छैनन् भन्दै उहाँले सरकारले आयातीत एलपी ग्यासको प्रयोग क्रमशः घटाउँदै लैजाने र बायोग्यासको उत्पादन र प्रयोगमा प्रोत्साहन गर्ने नीति अख्तियार गरेकोसमेत जानकारी गराउनुभयो ।

मन्त्री खतिवडाले विगतमा सरकारी पक्षबाट धेरै ठूला गल्ती भएको बताउँदै अब ती नदोहोर्‍याउने प्रतिबद्धता जनाउनुभयो । हामीले दाताले दिएका पैसासमेत काम नगरेर फर्केर गएको, दाताले पैसा दिएर तयार गरिएको फोहोर व्यवस्थापनकै परियोजना पनि हाम्रै स्वार्थ नमिलेर फर्किएर पनि गएको भन्दै तर अब यस्ता गल्ती नगरिने उहाँले बताउनुभयो ।

मन्त्री खतिवडाले सरकारले अब अनुदानलाई थप व्यवस्थित बनाइने र बजेटको योजना बनाउँदा लोकप्रिय कार्यक्रम र आम नेपालीलाई फाइदा पुग्ने कार्यक्रम समेट्ने तयारी गरिरहेको बताउनुभयो । झापामा चिया मजदुर र सञ्चालकबीच चाँडो संवाद सुरु गरी यसको दीर्घकालीन समस्याको समाधान खोजिने बताउनुभयो ।

कार्यक्रममा सांसद एलपी साँवा, सांसद पवित्रा निरौला, प्रदेश सांसद हीरा थापा, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, अर्जुनधारा नगरपालिकाका प्रमुख हरि राना, विर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतरालगायतले बायोग्यास प्लान्ट स्थापना स्वागतयोग्य भएको भन्दै पहिले प्रधानमन्त्रीले घरघरमा पाइपबाट ग्यास पुर्‍याउने उद्घोष गर्दा खिल्ली गर्ने समूहलाई यस बायोग्यास कम्पनी गतिलो उदाहरण बन्ने बताउनुभयो ।



# धन्यवाद